CITY HOTEL

# सिटि होटल लिमिटेड

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं
५६७१२००/५६७१२०१ फ्याक्स नं. ५३८७०४१,
इमेल: info@cityhotel.com.np वेभसाइट: www.cityhotel.com.np

HYATT PLACE™
Kathmandu

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसूचि – १४
## आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

सिटी होटल लिमिटेडको २०८१ असोज मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रैमासिक लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

**१. वित्तीय विवरणः**

(क) आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा-नोक्सान सम्बन्धी विवरणः
आर्थिक वर्ष २०८१/०८२ अन्तर्गत कम्पनीको २०८१ असोज ३० सम्ममा समाप्त (२०८१ श्रावण १ देखि २०८१ असोज ३० सम्म) प्रथम त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पूर्वका तुलनात्मक वित्तीय विवरणहरु अनुसूचि-१ मा प्रस्तुत गरिएको छ ।

प्रथम त्रैमासिक समिक्षा अवधिमा सम्बन्धित पक्षहरु बिच नियमित व्यवसाय कारोबार बाहेक कुनै कारोबार नभएको ।

(ख) आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रैमासिक अवधिको लेखापरिक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु

| विवरण | प्रथम त्रैमासिक अवधि (२०८१ असोज मसान्तसम्म) (लेखापरिक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि (असार मसान्त २०८१ सम्म) (लेखापरिक्षण नभएको) | प्रथम त्रैमासिक अवधि (असोज मसान्त २०८०) (लेखापरिक्षण नभएको) |
|---|---|---|---|
| **प्रमुख वित्तीय सूचांकहरु** | | | |
| ऋण पूँजीको अनुपात | ०.६९ | ०.६७ | ०.६६ |
| शेयरधनीको शेयर पुँजी कोषको प्रतिफल | (०.०४) | (०.१३) | (०.०४) |
| प्रतिशेयर आम्दानी (रु) | (३.३६) | (१२.२३) | (३.६०) |
| प्रतिशेयर नेटवर्थ (रु) | ९०.४९ | ९४.५६ | १००.०२ |
| प्रतिशेयर कुल सम्पत्तिको मूल्य (रु) | ३३५.०९ | ३३०.७६ | ३२७ |
| प्रतिशेयर बजार मूल्य (रु) | ८७२ | ७४४ | ५४९ |
| प्राइजअर्निङ्ग रेसियो | (२५९.३८) | (६०.८३) | (१५२) |
| चालु अनुपात | ०.४३ | ०.४१ | ०.४७ |

**२. व्यवस्थापकीय विश्लेषणः**

(क) यस होटलले आफूले प्रदान गर्ने सेवाहरुको गुणस्तर, खाना र अनुभवका आधारमा बेन्चमार्क कायम गरेको छ । हाम्रा अतिथिहरुले यस होटलले व्यक्तिगत मौलिकताको साथै अतिथिलाई प्रदान गर्ने सन्तुष्टिको बारेमा प्रसंशा गर्ने गर्छन् । साथै यस हायात प्लेस काठमाडौं होटल हायात सेन्ट्रिक सोल्टिमोड, काठमाडौंमा स्तरोन्नति हुने क्रममा रहेको छ । यस स्तरोन्नतिले स्थानीय तथा अन्तराष्ट्रिय पर्यटकहरूलाई होटल प्रति आकर्षण बढाउने उद्देश्य लिएको छ । यस होटलले आफ्नो सेवा मापदण्डलाई सक्रिय रूपमा सुधार गर्दै छ र विलासिता, आराम र उत्कृष्ट सेवामा ध्यान केन्द्रित गरेको छ । यसले व्यापार र पाहुनाहरूको विविध आवश्यकताहरूलाई पूरा गर्न मद्दत पुग्नेछ । यसका साथै स्तरोन्नतिका लागि भई रहेका काम कारवाहीहरुले सम्पूर्ण पाहुनाको अनुभवलाई सुधार गर्न लक्ष्य लिएको छ, जसले ग्राहक सन्तुष्टि बढाउने र भविष्यमा पुन भ्रमणलाई प्रोत्साहन दिने अपेक्षा गरिएको छ । हायात सेन्ट्रिकको रूपमा पुनःब्राण्डिङ भए सँगै, होटलले व्यापक ग्राहक वर्गलाई आकर्षित गर्नेछ र यसका साथै आम्दानी पनि बढ्नेछ ।

(ख) यस होटलको बैंक्वेट क्षमता विस्तार भएको हुनाले पछिल्ला समयमा भन्दा यस त्रैमासिक अवधिमा होटलको बैंक्वेटबाट भएको आम्दानी बढेको छ । बैंक्वेट सुविधामा भएका सुधारहरुका कारण धेरै कार्यक्रमहरू आकर्षित गरेको छ, जसले आम्दानी वृद्धिमा योगदान पुर्याएको छ ।

(ग) पर्यटन क्षेत्रको विकास मार्फत विदेशी मुद्रा आर्जन गर्ने, स्वदेशमा नै रोजगारी सृजना गरी नेपालमा रहेका ऐतिहासिक कला संस्कृति तथा भौगोलिक विविधताको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्वदेशी लगानीकर्ताहरुद्वारा संस्थापित एंव संचालित यस सिटी होटल लिमिटेडले (हायात प्लेस) आफ्नो व्यवसाय सञ्चालन गरेको छ ।

(घ) यस कम्पनीले हालसम्म बैंकबाट लिएको ऋणको सावाँ तथा ब्याजको भुक्तानी नेपाल राष्ट्र बैंकद्वारा समय समयमा निर्देशित सुविधाहरु प्राप्त गर्दै निर्धारित समयमा भुक्तानी गरिरहेको छ । कम्पनीलाई नगदको आवश्यक परेको खण्डमा सञ्चालक समितिको निर्णय बमोजिम सञ्चालकहरुबाट बिना ब्याज अल्पकालिन पेश्की लिई ऋणको ब्याज भुक्तानी गरिरहेको छ । २०८१ असोज मसान्तमा सञ्चालकलाई तिर्नपर्ने पेश्की वापतको रकम रु. अठ्तिस करोड अठ्हत्तर लाख अठासि हजार रहेको छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरणः**

(क) हाल सम्म कम्पनीले कुनै पनि मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दाएर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) हालसम्म कम्पनीका संस्थापक वा सञ्चालकको विरुद्धमा तथा संस्थापक वा सञ्चालकले प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषणः**

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तठस्थ रहेको छ ।

(ख) सिटी होटल लिमिटेड कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को असोज मसान्तमा अन्त्य भएको चौथो त्रैमासिक अवधिमा प्रतिशेयर रु. १००/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छः

| प्रथम त्रैमासिक आ.व.२०८१/०८२ (२०२३/२४) | शेयरको कारोबार (मूल्य (रु.) | | | कुल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| प्रथम त्रैमासिक (२०८१ असोज मसान्त) | १,१६८/५ | ७३२/९ | ८७२/०० | ५७ | २६,६६७ | २३,३२,३०१ |

**५. समस्या र चुनौतीः**

(क) आन्तरिकः
- यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

(ख) बाह्यः
- हाल अन्य धेरै ब्राण्डेड होटलहरू खोलिने क्रममा रहेका ।
- विलासिता कर लगाउनाले पाँच तारे होटेलमा बस्दा लाग्ने खर्च बढ्ने ।
- त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको विस्तारका कारण निश्चित समय विमानस्थल बन्द भएकाले पर्यटक आगमन प्रभावित हुने भएकाले यस होटललाई समेत असर पर्ने ।

(ग) रणनीति
- अधिक कर्पोरेट कार्यक्रमहरू र निजी समारोहहरू आकर्षित गर्न बैंक्वेट तथा खानपानका सुविधाहरूलाई सुधार गर्ने ।
- स्थानीय बजारबाट व्यापार बढाउनका लागि ध्यान केन्द्रित गर्ने ।
- स्थानीय व्यवसायहरू र कार्यक्रम आयोजकहरूसँग सहकार्य गरी बैठक, सम्मेलन र विवाह बुकिङ बढाउने र ग्राहकहरूको निरन्तर आगमन सुनिश्चित गर्ने ।
- उच्चस्तरका कार्यक्रमहरू र कर्पोरेट सभाहरू होस्टिङ्गमा जोड दिने ।
- भारत, चीन जस्ता लक्षित बजार र धार्मिक यात्रा मार्फत समग्र राजस्व वृद्धि गर्न ध्यान केन्द्रित गर्ने ।
- कम्पनीको व्यवसायलाई समय समयमा समिक्षा गरी शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गर्ने, समय अनुसार व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार रणनीतिमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने ।

**६. संस्थागत सुशासनः**

***संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :***

क) कम्पनीले प्रचलित ऐन तथा कानून बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गरेको छ ।

ख) कम्पनीको लेखापरिक्षण समितिले स्वतन्त्र आन्तरिक तथा लेखापरिक्षणबाट त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सल्लाह र सुझावहरु समय समयमा दिने गरेको छ ।

ग) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटलको आफ्नै आन्तरिक लेखापरिक्षण विभाग समेत क्रियाशील रहि कार्यहरु गर्दै आइरहेका छन् । कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र आन्तरिक नियन्त्रण प्रणाली समिति लगायत अन्य आवश्यक उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानबाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन् ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारी लुकाएको छैन ।

## PROVISIONAL FINANCIAL STATEMENT
### As on October 16, 2024 (Asoj End 2081) First Quarter (Fiscal Year 2081-82)

| Particulars | As on October 16, 2024 Asoj End 2081 UNAUDITED | As on July 15, 2024 Ashad End 2081 UNAUDITED | As on October 17, 2023 Asoj End 2080 UNAUDITED |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant and Equipment | 4,676,221,562.61 | 4,670,174,375.41 | 4,606,292,389.84 |
| Intangible Assets | 31,992,859.61 | 33,118,213.64 | 36,413,893.85 |
| Investment Property | 355,709,653.40 | 358,210,701.42 | 366,756,940.81 |
| Deferred Tax Assets | 157,997,955.52 | 154,229,946.52 | 119,877,824.81 |
| Other Assets | 55,662,094.29 | 34,687,587.20 | 49,995,278.17 |
| **Total Non Current Assets** | **5,277,584,125.42** | **5,250,420,824.20** | **5,179,336,327.47** |
| Current Assets | | | |
| Inventories | 5,754,815.28 | 7,117,530.09 | 5,303,720.43 |
| Cash and Cash Equivalents | 14,263,114.63 | 15,936,473.00 | 6,034,530.82 |
| Trade Receivables | 104,675,141.51 | 51,795,422.39 | 38,596,881.29 |
| Prepayments | 3,534,715.80 | 4,765,837.31 | 9,558,006.05 |
| Other Assets | 203,601,092.77 | 206,835,889.63 | 229,867,763.52 |
| **Total Current Assets** | **331,828,879.99** | **286,451,152.42** | **289,360,902.11** |
| **Total Assets** | **5,609,413,005.41** | **5,536,871,976.62** | **5,468,697,229.58** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 1,674,000,000.00 | 1,674,000,000.00 | 1,674,000,000.00 |
| Other Equity | (159,241,970.73) | (90,995,551.94) | 285,502.82 |
| **Total Equity** | **1,514,758,029.27** | **1,583,004,448.06** | **1,674,285,502.82** |
| **Non Current Liabilities** | | | |
| Long Term Borrowings | 3,258,073,858.40 | 3,189,953,921.72 | 3,117,263,264.35 |
| Lease Liabilities | 43,729,391.12 | 43,911,592.06 | 44,760,441.20 |
| Other Liabilities | 19,570,762.33 | 17,965,261.06 | 18,599,535.16 |
| **Total Non Current Liabilities** | **3,321,374,011.85** | **3,251,830,774.84** | **3,180,623,240.71** |
| **Current Liabilities:** | | | |
| **Financial:** | | | |
| Trade Payables | 83,006,301.37 | 88,160,787.86 | 70,426,016.45 |
| Short Term Borrowings | 93,388,518.97 | 76,812,851.86 | 70,803,050.66 |
| Lease Liabilities | 3,763,641.62 | 3,763,641.62 | 3,763,641.62 |
| Other Liabilities | 593,122,502.33 | 533,299,472.37 | 468,795,777.30 |
| **Total Current Liabilities** | **773,280,964.29** | **702,036,753.71** | **613,788,486.03** |
| **Total Equity and Liabilities** | **5,609,413,005.41** | **5,536,871,976.62** | **5,468,697,229.58** |

### PROVISIONAL STATEMENT OF PROFIT OR LOSS
### FOR THE PERIOD ENDED 16 OCTOBER, 2024

| Particulars | For Period Ended October 16, 2024 Asoj End 2081 UNAUDITED | For Period Ended July 15, 2024 Ashad End 2081 UNAUDITED | For Period Ended October 17, 2023 Ashad End 2080 UNAUDITED |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Operations | 110,223,925.29 | 504,231,032.71 | 115,959,763.09 |
| Miscellaneous Income | 21,109,231.93 | 78,162,288.00 | 16,758,234.42 |
| **Total Revenue** | **131,333,157.22** | **582,393,320.71** | **132,717,997.51** |
| Expenditure: | | | |
| Cost of Goods Sold | 28,426,201.52 | 124,710,895.86 | 27,486,420.07 |
| Employee Cost | 22,891,993.53 | 102,305,536.93 | 23,947,163.57 |
| Brand Operator Fees | 3,648,945.13 | 19,594,289.99 | 4,125,980.91 |
| Administrative & Operating Expenses | 37,354,283.47 | 130,795,384.29 | 30,673,903.67 |
| **Total Expenditure** | **92,321,423.65** | **377,406,107.06** | **86,233,468.22** |
| **Profit Before Interest, Depreciation & Tax** | **39,011,733.57** | **204,987,213.65** | **46,484,529.29** |
| Finance Cost | 76,381,044.44 | 327,303,496.39 | 90,144,591.15 |
| Depreciation & Amortization Expenses | 34,610,348.51 | 133,092,836.04 | 34,085,483.32 |
| **Profit/Loss Before Tax** | **(71,979,659.39)** | **(255,409,118.78)** | **(77,745,545.18)** |
| **Less:** | | | |
| Prior Year Taxes | - | - | - |
| Current Tax | - | - | - |
| Deferred Tax | (15,701,858.86) | (50,678,448.29) | (17,405,849.63) |
| **Net Profit/Loss After Tax** | **(56,277,800.52)** | **(204,730,670.49)** | **(60,339,695.55)** |

***Notes:***
*The above Financial Statement is presented in accordance with Nepal Financial Reporting Standard (NFRS). The financial statement is subject to change at the time of statutory audit or changes made by Regulatory authority, if any.*